# जि.स.स. र नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृतहरु विच मिति २०७४/०९/०५ गते भएको समन्वय वैठकका निर्णयहरु

१. स्थानीय तहमा कार्यरत वडा सचिवहरुको विवरण कुनै पनि नगरपालिकाहरुबाट प्राप्त नभएकोले यथाशिघ्र जि.स.स.मा विवरण पठाउने निर्णय गरियो ।

२. नगरपालिकाको प्रशासनिक कार्यालय भवन र वडा कार्यालय भवनको विवरण गोकर्णेश्वर वाहेक अन्य नगरपालिकाबाट प्राप्त नभएकोले यथाशिघ्र जि.स.स.मा पठाउने निर्णय गरियो ।

३. आ.व. २०७३/०७४ मा रजिष्ट्रेशन संकलन गरेवापत न.पा.ले प्राप्त गर्ने रकमको वांडफांड गरी नगरपालिकाले प्राप्त गर्नुपर्ने हिसाव न.पा.मा प्राप्त नभएकोले नगरपालिकाहरुबाट वजेट अनुमान र कार्यक्रम कार्यान्व्यनमा कठिनाई परेकोले मालपोत कार्यालयहरुबाट जि.स.स.मा प्राप्त रजिष्ट्रेशन रकम यथाशिघ्र वांडफांड गरी नगरपालिकाहरुलाईं उपलव्ध गराउन जि.स.स.लाई अनुरोध गर्ने निर्णय गरियो ।

४. कक्षा ८ को जिल्ला स्तरीय परीक्षा संचालन गर्ने सन्दर्भमा आवश्यक छलफल र समन्वयको लागि मिति २०७४/०९/१३ गते दिनको १.०० वजे जि.स.स.को सभाकक्षमा जि.स.स. प्रमुखको अध्यक्षता सवै नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत र नगरपालिकाहरुका शिक्षा शाखा प्रमुखको उपस्थितिमा वैठक वस्ने निर्णय गरियो ।

५. नगरपालिकाहरुमा विभिन्न निकायहरुबाट खटिएका कर्मचारीहरुले प्राप्त गर्नुपर्ने तलव, भत्ता सम्वन्ध नपुग हुन जाने देखिएकोले सो सम्वन्धमा मन्त्रालय र को.ले.नि.का.मा जि.स.स.ले आवश्यक समन्वय गर्ने निर्णय गरियो ।

६. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट माग भई आएको अग्नि नियन्त्रण उपकरण (वारुणयन्त्र) सम्वन्धी विवरण कीर्तिपुर, शंखरापुर, कागेश्वरी मनोहरा, वूढानीलकण्ठ, टोखा, नागार्जुन र चन्द्रागिरीबाट हालसम्म प्राप्त नभएको हुंदा यथाशिघ्र उक्त विवरण जि.स.स.मा उपलव्ध गराउने निर्णय गरियो ।

७. जिल्ला कर्मचारी व्यवस्थापन समितिको निर्णयबाट खटाइएका अधिकांश कर्मचारीहरु नगरपालिकाहरुमा हाजिर हुन नआएकोले यथाशिघ्र सरुवा भएको कार्यालयमा हाजिर हुन पठाईदिन सामान्य प्रशासन मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।